जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ५६ २०८३ साल असोज ८ गते बिहीबार (24 Sep 2026 Thursday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नव नेपाल निर्माणको.. ३ पृष्ठमा : ग्लोबल साउथ 'नियम पालना गर्ने'... ३ पृष्ठमा : एल निनोका कारण थप चार ...

# अध्यक्षमा दोहोरिए लालु, सप्तरी उद्योग बाणिज्य संघको नयाँ कार्यसमिति निर्विरोध निर्वाचित




**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

सप्तरी उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि निर्वाचन नहुने भएको छ । संघको नयाँ नेतृत्वका लागि असोज १० गते हुने भनिएको निर्वाचन अगावै सबै पदमा निर्विरोध निर्वाचित भएपछी उक्त निर्वाचन नहुने भएको हो ।

अध्यक्ष पदमा निवर्तमान अध्यक्ष लालुप्रसाद अग्रवालको एकल उम्मेदवारी परेपछी उनी निर्विरोध निर्वाचित भएका छन् । उनको यो दोश्रो कार्यकाल हो ।

यता वाणिज्य उपाध्यक्षमा उम्मेदवारी दिएका रामअशिष प्रसाद साह र महासचिव पदमा उम्मेदवारी दिएका भोगेन्द्र मिश्रले उम्मेदवारी फिर्ता लिएपछि अध्यक्षसहित सबै १४ वटै पदमा निर्विरोध निर्वाचित भएको निर्वाचन समितिका संयोजक सतिश दत्तले जानकारी दिएका छन् ।

नयाँ कार्यसमितिमा उपाध्यक्ष (उद्योग) मा दुर्गानन्द प्रसाद साह, उपाध्यक्ष (वाणिज्य) मा अमृत कुमार संचेती, महासचिवमा सुरेन्द्र प्रसाद साह, सचिवमा सुरेन्द्र बिमल, कोषाध्यक्षमा प्रमोद काबरा र सहकोषाध्यक्षमा निर्मल कुमार मुन्धडा चयन भएका छन् ।

यस्तै सदस्यहरुमा दिलिप प्रसाद गुप्ता, सन्तोष कुमार सिन्हा, संजीव कुमार चौधरी, सन्तोष कुमार चौधरी, सुमन राज सिंह र अनिल प्रसाद सिंह तथा महिला सदस्यमा अम्बिका कुमारी दाहाल सर्वसम्मत चयन भएका छन्।

सप्तरी उद्योग बाणिज्य संघको उम्मेदवारी शुल्क यस पटक बृद्धि गरिएको थियो । अध्यक्ष पदका लागि ५१ हजार तथा पदाधिकारीहरुको उम्मेदवारी शुल्क ३५ हजार र सदस्यहरुको उम्मेदवारी शुल्क २१ हजार तोकिएको थियो ।

यो शुल्क उद्योग बाणिज्य संघको निर्वाचनकै इतिहासमै महँगो हो । यसअघिको निर्वाचनमा साधारण शुल्क बुझाएर उम्मेदवार बन्न पाइन्थ्यो ।

# सप्तरीका चारसहित आठ जना लागूऔषध खैरो हेरोइनसहित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**

काठमाडौं उपत्यका विभिन्न स्थानबाट लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको टोलीले सप्तरीका चारसहित आठ जनालाई लागूऔषध खैरो हेरोइनसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको राजविराज नगरपालिका ८ का २७ वर्षीय चन्दन यादव, बलान बिहुल गाउँपालिका १ का २० वर्षीय निकेश यादव, सुरून्गा नगरपालिका ६ का २६ वर्षीय अन्जनी नन्दन चौधरी र छिन्नमस्ता गाउँपालिका ३ का २५ वर्षीय विक्रम कुमार शर्मा छन् ।

पक्राउ पर्नेहरू अन्य चारजना सिराहा लहान नगरपालिका १५ का २३ वर्षीय सुशान्त चौधरी, रसुवा कालिका गाउँपालिका ५ का ३३ वर्षीय सुवास बर्देवा, सुनसरी धरान उपमहानगरपालिका ८ का ४० वर्षीय कालु सिंह मगर र हरिनगर गाउँपालिका १ का ३७ वर्षीय पवन दास छन् ।

उनीहरुको साथबाट अवैध लागूऔषध खैरो हेरोइन १ सय ४८ ग्राम ७ सय ६० मिलिग्राम, नगद ३ लाख २० हजार रूपैयाँ र तराजु ५ थान बरामद भएको प्रहरीले जनाएको छ ।

फोन नं. ०३१-५३०२१८
*E-mail : gharelu.saptari@gmail.com*

मधेश प्रदेश सरकार
उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय
उद्योग विभाग
**घरेलु तथा साना उद्योग कार्यालय**
राजविराज, सप्तरी (नेपाल)

**दावी विरोध सम्वन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८३/०६/०७**

उपरोक्त सम्वन्धमा यस घरेलु तथा साना उद्योग कार्यालय राजविराज सप्तरीमा दर्त्ता रहेको प्रा.फ.नं.घ.उ.वि. ५१/१३२८/०५६/०५७ पान नं. ३००५२८३८७ मिति २०५६ साल कार्तिक १४ गते रोज १ मा दर्त्ता गरी जिल्ला सप्तरी सुरुङ्गा नगरपालिका वार्ड नं ५ स्थित संचालनमा रहेको सुर्य ईट्टा उद्योगका प्रो. राजलाल महतोको मिति २०७७/०६/०४ गते मृत्यू भइसकेको हुदाँ निजको नजिकको हकदार निजकै श्रीमति रामपरी देवीले उक्त ईट्टा उद्योगको लगत कट्टा गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएको हुदाँ सो फर्ममा कसैको दावी विरोध बाँकी वक्यौता रकम भए आफुसंग भएको सबुद प्रमाण कागजात साथ लिई १५ दिन भित्र यस कार्यालयमा उजुरी गर्न आउनुहोला । तोकिएको म्याद भित्र उजुर वाजुर गर्न नआएमा नियमानुसार लगत कट्टा गरिन्छ। पछि कुनै उजुर वाजुर लाग्ने छैन ।

# पचास लाखभन्दा बढीका मोबाइलका सामान बरामद

**दैनिक समाचारदाता**
**रौतहट, ७ असोज ।**

सशस्त्र प्रहरी बल नेपालको टोलीले गौर नगरपालिका-४ टिकुलियाबाट रु ५० लाखभन्दा बढी मूल्यका मोबाइलसँग सम्बन्धित सामग्री बरामद गरेको छ ।

सशस्त्र प्रहरी र गौर भन्सार कार्यालयका प्रतिनिधि सम्मिलित विशेष टोलीले मङ्गलबार राति स्थानीय भोला साहको घरमा छापा मारी ती सामान बरामद गरेको हो ।

विशेष सूचनाका आधारमा गएको सो टोलीले बेवारिसे अवस्थामा लुकाइछिपाइ राखिएको अवस्थामा मोबाइलसँग सम्बन्धित विभिन्न सामग्री बरामद गरिएको रौतहट जिल्ला सशस्त्र प्रहरी प्रमुख चेतराज जोशीले जानकारी दिए ।

उनका अनुसार बरामद सामग्रीको अनुमानित मूल्य रु ५० लाख १४ हजार ५०० रहेको । यसैगरी, घटनास्थलबाट दुई थान मोटरसाइकल समेत बरामद गरिएको छ ।

प्रहरीले बरामद गरिएका सामान तथा मोटरसाइकल गौर भन्सार कार्यालय, रौतहटमा बुझाएको र बरामद सामग्रीको स्रोत तथा यस प्रकरणमा संलग्न अन्य व्यक्तिका बारेमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# ब्राउन सुगरसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, ७ असोज ।**

नेपाल प्रहरीले लागुऔषध १५४ ग्राम ब्राउन सुगर र ११ ग्राम ५९ मिग्राम अफिमजस्तो देखिने पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ ।

लागुऔषध कारोबार भइरहेको छ भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय तथा लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालयबाट खटिएको टोलीले बुधबार सो ब्राउन सुगरसहित उनीहरुलाई कारोबारमा संलग्न भएको अरोपमा पक्राउ गरेको नायब उपरिक्षक चक्रबहादुर मल्लले जानकारी दिए ।

वीरगन्ज महानगरपालिका-१५ स्थित सडकमा बिआर०५बिएल १६८० नम्बरको मोटरसाइकलमा सवार दुई जना अपरिचित व्यक्ति शङ्कास्पद रूपमा बसपार्कतर्फ

*बाँकी अन्तिम पृष्ठमा*

**पर्यटन प्रवर्द्धन गरौं**

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुर्‍याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### उवा संघ सबैको साझा भई अगाडी बढे मात्र गरिमा र आकर्षण बढ्ने

सप्तरी उद्योग बाणिज्य संघको निर्वाचनमा निर्विरोध रूपमा सम्पन्न भएको छ। अधिकांश पदमा एक/एक जनाको मात्र उमेदवारी परेको तथा दुई पदमा दुई/दुई जनाको उम्मेदवारी परे पनि उक्त दुवै पदमा एक/एक जनाले उम्मेदवारी फिर्ता लिएकोपछी निर्वाचन निर्विरोध सम्पन्न भएको छ। सतही दृष्टिकोणले निर्वाचन प्रक्रियागत रूपमा सम्पन्न भएको देखिए पनि यसको भित्री तहमा जाँदा निर्वाचन प्रक्रिया विसंगति पूर्ण भएको प्रष्ट हुन्छ। निर्वाचनको प्रथम चरण नै विभेदयुक्त रहेको प्रष्ट हुन्छ। संघको वर्तमान कार्यसमितिले निर्वाचनको लागि ३ किसिमको वर्गीकरण गरी अध्यक्षमा ५१ हजार, पदाधिकारीमा ३५ हजार र सदस्यमा २१ हजार उम्मेदवारी शुल्क निर्धारण गर निर्वाचन गराएको छ।

संघको विगतको इतिहास हेर्ने हो भने लगभग सबै कार्यसमिति प्रतिस्पर्धात्मक रूपमा चुनावद्वारा नै सम्पन्न भएको थियो। विगतको निर्वाचन हेर्ने हो भने ५/१० हजार भन्दा बढी उम्मेदवारी शुल्क रहँदैन थियो जसले साना र मझौला व्यवसायीहरु उत्साहले निर्वाचनमा सहभागी हुन्थ्यो तर यस पटक महँगो गरिएको उम्मेदवारी शुल्कले साना र मझौला व्यावसायी बाहिरबाटै यो निर्वाचन हेर्न बाध्य भए। स्मरण रहोस् संघ सबै साना देखी ठूला व्यवसायीको साझा संस्था हो। यसले साना व्यवसायीको पनि प्रतिनिधित्व गर्ने हुनाले मँहगाइएको उम्मेदवारी शुल्कले साना व्यवसायीको उम्मेदवार हुन पाउने संवैधानिक र मौलिक हक दुबैबाट बञ्चित गराएको साना व्यवसायीहरुको टिप्पणी रहेको छ। यता झण्डै पाँच हजारको हाराहारीमा सदस्य रहेको संघमा यस पटकको निर्वाचनमा झण्डै ९ सय जनाले सहभागिता जनाएका थिए।

यसबाट के प्रष्ट हुनजान्छ की संघप्रति साना व्यवसायीको आकर्षण घट्दो छ। यस्ता विषयहरुमा संघले आगामी दिनमा पाठ सिकेर कुनै निर्णय लिनुपर्ने आवश्यकता देखिन्छ। तसर्थ संघ आफ्ना सबै सदस्यप्रति साझा भई जिम्मेवारपूर्ण रुपले अगाडी बढे मात्र संस्थाको गरिमा र आकर्षण बढ्ने छ।

**बाढी/पहिरोबाट सतर्क रहौं।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# नव नेपाल निर्माणको संकल्पका साथ प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघमा

**शरच्चन्द्र भण्डारी**
काठमाडौं, ७ असोज (रासस)।

नितान्त नयाँ परिस्थिति र परिवेशमा देशको नेतृत्व सम्हाल्नुभएका प्रधानमन्त्री वालेन्द्र शाह पहिलोपटक संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुँदै हुनुहुन्छ। नयाँ सरकार गठनसँगै नेपालले विश्वमञ्चमा आफ्नो बदलिएको राजनीतिक अवस्था मात्र होइन, विकासको गति बढाउने, गरिबी हटाउने, सामाजिक तथा आर्थिक असमानता घटाउने, महिला-पुरुष समानता र समावेशी विकास सुनिश्चित गर्ने तथा नागरिकको जीवनस्तर सुधार्ने राष्ट्रिय प्राथमिकता पनि प्रस्तुत गर्ने अवसर पाएको छ। यससँगै भोटेकोशी बाढीबाट भएको जनधन तथा भौतिक सम्पत्तिको अकल्पनीय क्षति, जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको बढ्दो जोखिम र जलवायु न्यायका लागि नेपालको सरोकारलाई अन्तरराष्ट्रिय समुदायसमक्ष तथ्यपूर्ण र सशक्त रूपमा आफ्ना मत प्रस्तुत गर्न पाएको छ।

जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिवेश र त्यसबाट उत्पन्न जनअपेक्षाबीच गठन भएको नयाँ सरकारका लागि संयुक्त राष्ट्रसङ्घको महासभा आफ्ना प्राथमिकता विश्व समुदायसमक्ष राख्ने महत्वपूर्ण मञ्च बनेको छ। प्रधानमन्त्री शाहले महासभालाई सम्बोधन गर्नाका साथै महासचिव एन्टोनियो गुटेरेससँग पनि भेटवार्ता गर्नुहुनेछ। उहाँको महासभामा पहिलो सम्बोधन र महासचिवसँगको प्रत्यक्ष भेटवार्ता नेपालको वर्तमान राजनीतिक अवस्था, राष्ट्रिय प्राथमिकता र अन्तरराष्ट्रिय सरोकारलाई विश्वमञ्चमा प्रस्तुत गर्ने महत्वपूर्ण अवसरका हो।

गत वर्षको राजनीतिक परिवर्तनपछि मुलुक नयाँ चरणमा प्रवेश गरेको सन्दर्भमा जनतामा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, प्रभावकारी सार्वजनिक सेवा र जवाफदेही शासनको अपेक्षा बढेको छ। त्यससँगै आर्थिक विकासलाई तीव्र बनाउने, रोजगारी सिर्जना गर्ने, गरिबी घटाउने, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार गर्ने तथा राज्यका अवसरमा समान पहुँच सुनिश्चित गर्ने चुनौती पनि उत्तिकै महत्वपूर्ण छन्। भौगोलिक, आर्थिक र सामाजिक विविधताबीच विकासको लाभ सबै नागरिकसम्म पुऱ्याउनु नयाँ नेपालको मूल आवश्यकता हो। प्रधानमन्त्री शाह नेतृत्वको सरकारले यसलाई नै मूल उद्देश्य बनाएको छ।

नेपालका लागि विकासको अर्थ केवल आर्थिक वृद्धिदर बढाउनु मात्र होइन। सामाजिक न्याय, समान अवसर, लैङ्गिक समानता, समावेशिता र सम्मानजनक जीवनको सुनिश्चितता पनि विकासकै अभिन्न पक्ष हुन्। महिला, दलित, जनजाति, मधेसी, पिछडिएका क्षेत्र तथा आर्थिक रूपमा कमजोर समुदायलाई विकासको मूलधारमा समान अवसर दिनु राज्यको दीर्घकालीन दायित्व हो। त्यसैले नेपालले विश्वमञ्चमा आफ्नो विकासको आवश्यकता प्रस्तुत गर्दा पूर्वाधार र लगानीसँगै मानव विकास, समानता र सामाजिक न्यायका विषयलाई पनि जोड दिनुपर्ने अवस्था छ।

नेपालले विकासका राष्ट्रिय प्राथमिकता अघि बढाउन अन्तरराष्ट्रिय सहकार्यको आवश्यकता महसुस गर्दै आएको छ। विकासका लागि पूँजी, प्रविधि, सीप, ज्ञान र बजारको पहुँच आवश्यक छ। नेपालजस्तो विकासशील र भूपरिवेष्टित मुलुकका लागि अन्तरराष्ट्रिय साझेदारीको महत्व अझ बढी हुन्छ। दिगो विकासका लक्ष्य हासिल गर्न, रोजगारीका अवसर सिर्जना गर्न, पूर्वाधार विस्तार गर्न र गरिबी न्यूनीकरणलाई गति दिन अन्तरराष्ट्रिय समुदायसँगको सहकार्य महत्वपूर्ण आधार बन्न सक्छ।

यही विकास यात्रामा जलवायु परिवर्तनले थप चुनौती थपेको छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनका असर नेपालले गम्भीर रूपमा भोगिरहेको छ। हिमाली क्षेत्रको तापक्रम वृद्धि, हिमताल तथा हिमनदीमा भइरहेको परिवर्तन, अनियमित वर्षा, बाढी, पहिरो र अन्य जलवायुजन्य विपद्ले जनजीवन र विकासका पूर्वाधारमा प्रत्यक्ष असर पुऱ्याइरहेका छन्। पछिल्लो भोटेकोशी बाढी त्यसको एउटा गम्भीर उदाहरण बनेको छ।

भोटेकोशी बाढीले जनधनको व्यापक क्षति गर्नुका साथै घर, सडक, पुल, जलविद्युत् आयोजना र अन्य महत्वपूर्ण पूर्वाधारमा अकल्पनीय क्षति पुऱ्याएको छ। विपद्पछि उद्धार, राहत र खोजी कार्यसँगै प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण अबको चुनौती बनेको छ। यस घटनाले नेपालले अन्तरराष्ट्रिय समुदायसमक्ष जलवायु परिवर्तनका कारण सिर्जित जोखिम र त्यसको सामना गर्न आवश्यक स्रोत तथा प्रविधिको विषय थप स्पष्ट रूपमा राख्नुपर्ने आवश्यकता पनि देखाएको छ।

जलवायु परिवर्तनमा नेपालको योगदान न्यून हुनु र त्यसको असर भने तुलनात्मक रूपमा गम्भीर रूपमा भोग्नु नै नेपालको जलवायु न्यायसम्बन्धी सरोकारको मुख्य आधार हो। नेपालले जलवायु न्यायको कुरा गर्दा जिम्मेवारी, क्षमता र प्रभावबीचको असमानतालाई अन्तरराष्ट्रिय बहसमा राख्दै आएको छ। जलवायु अनुकूलन, हानि तथा नोक्सानी, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिमा विकासशील तथा जोखिममा रहेका मुलुकका आवश्यकतालाई सम्बोधन गर्नुपर्ने नेपालको धारणा रहँदै आएको छ।

यस वर्षको राष्ट्रसङ्घीय महासभा नेपालका लागि जलवायु कूटनीतिक दृष्टिले पनि महत्वपूर्ण छ। यसबारेमा प्रधानमन्त्री शाहले सशक्त रूपमा आफ्ना धारणा प्रस्तुत गर्नुहुनेछ विश्व समुदायको ध्यानाकर्षण गर्न। यद्यपि महासभामा यसबारेमा बहस हुँदैन। आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन कोप-३१ आयोजना हुँदैछ। त्यसैले न्यूयोर्कमा नेपालको जलवायु सरोकार प्रस्तुत गर्नु अन्ताल्यामा हुने जलवायु सम्मेलनका लागि पनि पृष्ठभूमि तयार गर्ने अवसर हो। यो अवसरको भरपूर उपयोग प्रधानमन्त्री शाहले गर्नुहुनेमा समस्त नेपाली विश्वस्त छन्।

कोप-३१ मा नेपालले जलवायु न्यायको विषयलाई अझ स्पष्ट र सशक्त रूपमा अघि बढाउनुपर्नेछ। महासभामा नेपालले अहिले भोगिरहेको जलवायुजन्य क्षति, हिमाली क्षेत्रमा बढ्दो जोखिम, विपद्पछिको पुनर्निर्माण र जलवायु वित्तको आवश्यकता अन्तरराष्ट्रिय समुदायसमक्ष राख्नसके त्यसले आगामी जलवायु वार्तामा नेपालको अडानलाई आधार दिनेछ। न्यूयोर्कबाट अन्ताल्यासम्म नेपालको मुख्य सन्देश स्पष्ट हुनुपर्नेछ–जलवायु परिवर्तनमा न्यून योगदान गर्ने तर त्यसको असमान असर भोग्ने मुलुकका रूपमा नेपाललाई न्यायोचित अन्तरराष्ट्रिय सहयोग आवश्यक छ।

प्रधानमन्त्री शाहको महासभामा सम्बोधनको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री शिशिर खनालले न्यूयोर्कमा गरिरहनुभएको सक्रिय कूटनीतिक संलग्नताले नेपालको सरोकारलाई अर्को तहमा पुऱ्याएको छ। परराष्ट्र मन्त्रालयका अनुसार उहाँले अति कम विकसित मुलुक, भूपरिवेष्टित विकासोन्मुख मुलुक, असंलग्न मुलुक तथा जी-७७ र चीनलगायतका मन्त्रीस्तरीय बैठकमा सहभागी हुने कार्यक्रम छ। साथै उहाँले विभिन्न मुलुकका आफ्ना समकक्षी तथा अन्य उच्च पदाधिकारीसँग द्विपक्षीय भेटवार्ता गरिरहनुभएको छ। न्यूयोर्कमै जापानी विदेशमन्त्रीसँग भएको भेटवार्तामा भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नेपालप्रति जापानको सहयोग र सहकार्यका विषयमा छलफल भएको छ। यसअघि नै परराष्ट्रमन्त्री खनालले भोटेकोशी बाढीबारे कूटनीतिक प्रतिनिधि र अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिलाई जानकारी गराउँदै नेपाललाई खोज, उद्धार, राहत र पुनर्निर्माणमा अन्तरराष्ट्रिय सहयोग आवश्यक रहेको स्पष्ट पार्नुभएको थियो।

परराष्ट्रमन्त्रीको सक्रियताले प्रधानमन्त्री शाहको महासभा सम्बोधनलाई कूटनीतिक तहबाट थप बल पुऱ्याउने आधार तयार गर्छ। प्रधानमन्त्रीले विश्वमञ्चबाट नेपालको समग्र राष्ट्रिय दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ भने परराष्ट्रमन्त्रीले विभिन्न द्विपक्षीय तथा बहुपक्षीय सम्पर्कमार्फत ती राष्ट्रिय सरोकारलाई सम्बन्धित मुलुक र साझेदारसमक्ष पुऱ्याउने काम गरिरहनुभएको छ। यसरी एउटै राष्ट्रिय उद्देश्यलाई फरक तहबाट अघि बढाउने अवसर नेपालले यसपटकको महासभाबाट पाएको छ।

नेपालका लागि महासभामा सहभागिताको महत्व आफ्ना कुरा राख्नुमा मात्र सीमित छैन। ती कुरा अन्तरराष्ट्रिय समुदायले बुझ्ने, आवश्यक सहयोग र सहकार्यका लागि आधार तयार हुने तथा नेपालका राष्ट्रिय प्राथमिकता अन्तरराष्ट्रिय साझेदारीसँग जोडिने वातावरण निर्माण गर्नु पनि उत्तिकै महत्वपूर्ण छ। विपद्पछिको पुनर्निर्माण, जलवायु अनुकूलन, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना, पूर्वाधार विकास र मानव विकासका क्षेत्रमा नेपाललाई दीर्घकालीन साझेदारी आवश्यक छ।

वर्तमान विश्व बहुआयामिक चुनौतीबीच अघि बढिरहेको छ। विभिन्न क्षेत्रमा द्वन्द्व, भूराजनीतिक तनाव, आर्थिक अनिश्चितता र जलवायु सङ्कटले अन्तरराष्ट्रिय सहकार्यलाई कठिन बनाइरहेका छन् तर यिनै समस्याका कारण बहुपक्षीय सहकार्यको आवश्यकता अझ बढेको छ। नेपालजस्ता मुलुकका लागि संयुक्त राष्ट्रसङ्घको महासभा आफ्नो राष्ट्रिय आवश्यकता र विश्वव्यापी चुनौतीबीच सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण मञ्च हो।

नेपालले विगतदेखि नै शान्ति, सहअस्तित्व, सार्वभौमिक समानता, अन्तरराष्ट्रिय कानुनको सम्मान र बहुपक्षीय सहकार्यका पक्षमा आफ्नो धारणा राख्दै आएको छ। बदलिएको वर्तमान राजनीतिक परिस्थितिमा पनि यी आधारभूत मान्यतासँगै आफ्ना तत्कालीन र दीर्घकालीन राष्ट्रिय प्राथमिकतालाई विश्वमञ्चमा प्रस्तुत गर्न सकिन्छ। नयाँ सरकारका लागि यो आफ्ना नीति र प्राथमिकताबारे अन्तरराष्ट्रिय समुदायलाई जानकारी गराउने अवसर पनि हो।

नयाँ नेपाल निर्माणको सङ्कल्प अन्ततः नेपाली नागरिकको जीवनमा देखिने परिवर्तनसँग जोडिएको विषय हो। सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार, समान अवसर र सामाजिक सुरक्षा नागरिकका प्रत्यक्ष अपेक्षा हुन्। यिनलाई पूरा गर्न आन्तरिक प्रयाससँगै अन्तरराष्ट्रिय सहकार्य पनि आवश्यक छ। त्यसैले विश्वमञ्चमा नेपालले राख्ने आवाज राष्ट्रिय आवश्यकता र जनअपेक्षासँग जोडिएको हुनुपर्छ।

प्रधानमन्त्री शाहको पहिलो राष्ट्रसङ्घीय महासभा सहभागिता यस अर्थमा एउटा औपचारिक कूटनीतिक भ्रमणभन्दा बेग्लै अवसर हो। बदलिएको राजनीतिक परिस्थितिमा नयाँ सरकारका प्राथमिकता प्रस्तुत गर्ने, नेपालको विकास आवश्यकता विश्व समुदायसमक्ष राख्ने, भोटेकोशी बाढीपछिको पुनर्निर्माणका लागि सहयोग खोज्ने र जलवायु न्यायको सवाललाई अन्तरराष्ट्रिय बहसमा थप सशक्त बनाउने अवसरका रूपमा यसलाई उपयोग गर्न सकिन्छ।

न्युयोर्कमा उठ्ने नेपालको आवाजलाई आगामी अन्ताल्या कोप-३१ सम्म निरन्तरता दिनु अझ महत्वपूर्ण हुनेछ। महासभामा प्रस्तुत हुने नेपालको जलवायु सरोकार, परराष्ट्रमन्त्री खनालको कूटनीतिक सक्रियता र आगामी जलवायु सम्मेलनमा नेपालको अडानबीच निरन्तरता कायम गर्न सके जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित समुदायका आवाजलाई अन्तरराष्ट्रिय तहमा अझ स्पष्ट रूपमा पुऱ्याउन सकिनेछ। नयाँ नेपालको निर्माणको राष्ट्रिय सङ्कल्पलाई विकास, समानता, सामाजिक न्याय र जलवायु न्यायसँग जोड्दै विश्वमञ्चमा प्रस्तुत गर्ने यही अवसरलाई नेपालले दीर्घकालीन राष्ट्रिय हितसँग गाँस्न सक्नुपर्छ।

# ग्लोबल साउथ 'नियम पालना गर्ने' अवस्थाबाट 'नियम निर्माण गर्ने' भूमिकामा अघि बढ्नुपर्छ : परराष्ट्रमन्त्री खनाल

काठमाडौँ, ७ असोज (रासस) ।

परराष्ट्रमन्त्री शिशिर खनालले ग्लोबल साउथका मुलुकहरू विश्वव्यापी निर्णय प्रक्रियामा प्रभावकारी रूपमा सहभागी हुँदै 'नियम पालना गर्ने' अवस्थाबाट 'नियम निर्माण गर्ने' भूमिकामा अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाको उच्चस्तरीय सप्ताहका अवसरमा सयुक्त राज्य अमेरिकाको न्युयोर्कमा भारतका विदेशमन्त्री डा एस जयशङ्करको आयोजनामा बुधबार सम्पन्न ग्लोबल साउथका समान विचारधारा भएका मुलुक तथा मित्र राष्ट्रहरूको उच्चस्तरीय मन्त्रीस्तरीय बैठकलाई सम्बोधन गर्दै मन्त्री खनालले विकासशील मुलुकहरूको सामूहिक आवाजलाई विश्वव्यापी शासन प्रणालीमा अझ प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

"सशक्तीकरण' भन्नाले ग्लोबल साउथ नियम पालना गर्ने अवस्थाबाट नियम निर्माण गर्ने भूमिकामा रूपान्तरण हुनुपर्छ भन्ने हो । हामीले अरूले तयार गरेका कार्यसूची कार्यान्वयन गर्नेमा मात्र सीमित हुनुहुँदैन, हाम्रो भविष्य निर्धारण गर्ने नियम निर्माण, संस्थाहरूको सञ्चालन र नीतिनिर्माणमा हामीले सक्रिय भूमिका निर्वाह गर्नुपर्छ", उहाँले भन्नुभयो ।

नेपाल समूह-७७ तथा चीन र असंलग्न आन्दोलनको सक्रिय सदस्यका रूपमा विकासशील विश्वको ऐक्यबद्धताप्रति दृढ विश्वास राख्दै आएको उल्लेख गर्दै उहाँले पूर्वीय दर्शनको 'वसुधैव कुटुम्बकम्'को अवधारणाले मानवजातिको साझा भविष्यलाई प्रतिबिम्बित गर्ने बताउनुभयो । "विश्वको आधा मानवजाति निर्णय प्रक्रियामा सीमान्तकृत रहँदा विश्वव्यापी समृद्धि दिगो हुन सक्दैन", उहाँले भन्नुभयो ।

मन्त्री खनालले विश्वव्यापी शासन प्रणालीको तत्काल लोकतान्त्रीकरण आवश्यक रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ । "संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् र अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूको संरचनामा व्यापक सुधार आवश्यक छ । यी संरचनाहरू सन् १९४५ का शक्ति समीकरणमा नभई आजको विश्वको वास्तविकतालाई प्रतिबिम्बित गर्नेगरी पुनर्संरचना गरिनुपर्छ", उहाँले भन्नुभयो ।

विकासशील मुलुकहरू असमान ऋणको भारमा रहँदै दिगो विकासका लागि आवश्यक वित्तीय स्रोत जुटाउनुपर्ने अवस्थाप्रति ध्यानाकर्षण गराउँदै उहाँले वित्तीय प्रणालीमा न्यायपूर्ण र समतामूलक पहुँच आवश्यक रहेको बताउनुभयो । साथै, विश्व व्यापार सङ्गठन (डब्लुटीओ) केन्द्रित खुला, निष्पक्ष तथा नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"विकासशील तथा स्तरोन्नतिको प्रक्रियामा रहेका मुलुकका लागि पूर्वानुमानयोग्य बजार पहुँच, अर्थपूर्ण विशेष तथा विभेदात्मक व्यवहार, व्यापारका लागि सहायता र क्षेत्रीय मूल्य शृङ्खलामा एकीकरण अत्यावश्यक आधार हुन्", मन्त्री खनालले भन्नुभयो ।

नेपालले संयुक्त राष्ट्रसङ्घलाई अन्तरराष्ट्रिय कानुन र सार्वभौम समानताको प्रमुख आधारका रूपमा सुदृढ गर्न निरन्तर समर्थन गर्दै आएको उल्लेख गर्दै उहाँले 'यूएन-८०' इनिसियटिभलाई संस्थागत विखण्डन न्यूनीकरण गर्ने महत्वपूर्ण प्रयासका रूपमा लिनुपर्ने बताउनुभयो । "संस्थागत सुधारले विकास र जलवायुका स्तम्भलाई कमजोर पार्नु हुँदैन; बरु तिनलाई निर्णायक रूपमा सुदृढ गर्नुपर्छ", उहाँले स्पष्ट पार्नुभयो ।

बहुपक्षीयतामा देखिने विभाजनको सबैभन्दा गहिरो असर कमजोर तथा संवेदनशील मुलुकहरूले भोग्नुपरेको उल्लेख गर्दै मन्त्री खनालले शक्ति राजनीतिमा आधारित दबावको सट्टा संवाद, प्रविधि साझेदारी र दक्षिण-दक्षिण सहकार्यलाई अघि बढाउनुपर्ने बताउनुभयो ।

"ग्लोबल साउथलाई सशक्त बनाउनु भनेको बहुपक्षीयतालाई नै पुनर्जीवित गर्नु हो", उहाँले भन्नुभयो, "साहस, साझा सङ्कल्प र प्रामाणिक सामूहिक आवाजका साथ हामी सबैका लागि न्यायपूर्ण र उज्ज्वल भविष्य निर्माण गर्न काँधमा काँध मिलाएर अघि बढौँ ।"

# राष्ट्र बैंकद्वारा ६ लघुवित्त वित्तीय संस्थालाई कारवाही

काठमाडौँ, ७ असोज (रासस) ।

नेपाल राष्ट्र बैंक लघुवित्त संस्था सुपरिवेक्षण विभागले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रयमासमा छ वटा 'घ' वर्गका लघुवित्त वित्तीय संस्था र तिनका सञ्चालक, पदाधिकारी र प्रमुख कार्यकारी अधिकृतलाई कारवाही गरेको छ ।

राष्ट्र बैंकले बुधबार सार्वजनिक सूचना जारी गरेर छ वटा लघुवित्त वित्तीय संस्था र तिनका पदाधिकारीलाई कारवाही गरिएको जनाएको हो ।

राष्ट्र बैंकले फरवार्ड लघुवित्त वित्तीय संस्था लिमिटेडलाई २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात ६ दशमलव १२ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमको शिघ्र सुधारात्मक सम्बन्धी कारवाही गरेको जनाएको छ ।

राष्ट्र बैंकले धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात ६ दशमलव ३८ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमको शीघ्र सुधारात्मक कारवाही गरेको जनाएको छ ।

त्यसैगरी, मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडले पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात चार दशमलव ०८ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्ड बमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (ख) बमोजिमकोशिघ्र सुधारात्मक कारवाही गरेको हो ।

राष्ट्र बैंकले एनआइसी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ असार मसान्तमा संस्थाले न्यूनतम पुँजीकोष अनुपात ६ दशमलव ३९ प्रतिशत मात्र कायम गरेको हुँदा उक्त अनुपात नियामकीय मापदण्डबमोजिम नरहेकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली, २०७४ को विनियम ३ (क) बमोजिमकोशिघ्र सुधारात्मक कारवाही गरेको हो ।

राष्ट्र बैंकले वीन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ चैत महिनामा संस्थाले अनिवार्य नगद मौज्दात कायम नगरेकोमा प्रथम पटकका लागि रु ५८ दशमलव ३८ पैसा नगद जरिवाना लगाएको छ ।

त्यसैगरी राष्ट्र बैंकले सञ्जीवनी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई पनि २०८२ चैत, २०८३ को वैशाख, जेठ र असार महिनामा संस्थाले अनिवार्य नगद

*बाँकी अन्तिम पृष्ठमा*

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज, सप्तरी

मिति : २०८३/०६/०७

**सूचना**

उपरोक्त सम्बन्धमा संयुक्त निवेदक अयोधी सदा र राजो देवी मण्डल संगको मि.नं. २१८ को मोही मोही लगत कट्टा गरी पाउँ मुद्धामा राजो देवी मण्डल नाम दर्ताको जिल्ला सप्तरी गा.वि.स. बथनाहा वार्ड नं. ८ कि.नं. ३९५ को ०-०-१५ र ऐ.ऐ. कि.नं. ३९४ को ०-०-१५ समेत जग्गाको श्रेष्तामा वावुजी सरदार र मोही प्रमाण पुर्जामा मोही वावुजी सरदार भएकोमा मोही लगत कट्टा गर्न वावुजी सरदार भन्ने वावुजी सदाको धर्मपुत्र अयोधी सदाले यस कार्यालयमा निवेदन दिएकोले सो वावुजी सरदार र वावुजी सदा दुवै नाम गरेको एउटै व्यक्ति हो वा फरक व्यक्ति हो यदी फरक व्यक्ति भए सो आफ्नो सवुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस कार्यालयमा अड्डा खुल्ने समयमा हाजिर हुन आफै वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला । ऐन बमोजिम पुर्पक्ष हुने छ । अन्यथा कानुन बमोजिम दावीको कि.नं. ३९५ र कि.नं. ३९४ को जग्गामा मांग दावी बमोजिम मोही लगत कट्टा भई जाने छ । म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुर वाजुर लाग्ने छैन ।

## विश्व समाचार

# एल निनोका कारण थप चार लाख ५१ हजारको मृत्यु हुनसक्ने

बेङ्गलुरु (भारत), ७ असोज (रासस/एपी) ।

यस वर्षको शक्तिशाली एल निनोका कारण बढेको अत्यधिक गर्मी, खडेरी, डढेलो र पानीको अभावले आगामी फेब्रुअरीको अन्त्यसम्म विश्वभर थप करिब चार लाख ५१ हजार जनाको मृत्यु हुनसक्ने एक अध्ययनले चेतावनी दिएको छ ।

युनिभर्सिटी अफ सिकागोस्थित क्लाइमेट इम्प्याक्ट ल्याबका अनुसन्धानकर्ताले जुन २०२६ देखि फेब्रुअरी २०२७ सम्म एल निनोका कारण हुने अतिरिक्त गर्मीजन्य मृत्युको यस्तो अनुमान गरेका हुन् । जलवायु परिवर्तन, खाद्य असुरक्षा र बढ्दो ऊर्जा लागतको सामना गरिरहेका गरिब तथा विकासोन्मुख देशहरूमा यसको प्रभाव बढी पर्ने अध्ययनले जनाएको छ ।

अध्ययनका सहसंस्थापक माइकल ग्रीनस्टोनले एल निनो फेब्रुअरीसम्म अन्त्य हुने अपेक्षा गरिए पनि त्यसको गर्मीजन्य प्रभाव त्यसपछि पनि रहन सक्ने बताउनुभयो । उहाँका अनुसार पहिल्यै तातो क्षेत्रमा तापक्रम थप बढ्दा जोखिम निकै उच्च हुन्छ ।

अनुसन्धानकर्ताले विश्वका २४ हजारभन्दा बढी क्षेत्रमा उच्च तापक्रमले मृत्युदरमा पार्ने प्रभावसम्बन्धी तथ्याङ्कलाई मौसमी तापक्रम पूर्वानुमानसँग तुलना गरेका हुन् । अफ्रिकाको साहेल क्षेत्र सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ । त्यहाँ करिब ६६ हजार ८०० अतिरिक्त मृत्यु हुनसक्नेछ । फिलिपिन्स, भियतनाम, थाइल्यान्ड र कम्बोडियामा गरी १९ हजार ४००, इन्डोनेसियामा १९ हजार ३००, भारतमा १५ हजार ८०० र ब्राजिलमा १३ हजार ३०० अतिरिक्त मृत्यु हुने अनुमान गरिएको छ ।

गर्मीबाट हुने जोखिम घटाउन गर्मीसम्बन्धी पूर्वसूचना प्रणाली, शीतलन केन्द्र, पानी तथा स्वास्थ्य सेवा, बाहिरी कामदारका लागि सुरक्षा र वृद्धवृद्धा तथा अन्य जोखिममा रहेका समूहलाई लक्षित सहायता आवश्यक रहेको अनुसन्धानकर्ताले बताएका छन् । अत्यधिक गर्मी आउनुअघि नै स्रोत परिचालन गर्न अग्रिम वित्तीय तयारी गर्न पनि उनीहरूले सुझाव दिएका छन् ।

एनआरडीसी इन्डियाका ताप विशेषज्ञ अभियनन्त तिवारीले प्रतिवेदनलाई त्रास फैलाउनेभन्दा तत्काल तयारी र प्रभावकारी कार्यान्वयनका लागि सचेत गराउने माध्यमका रूपमा लिनुपर्ने बताउनुभयो । "तयारीको वास्तविक मापन हामीले कति चेतावनी जारी गर्छौं भन्ने होइन, मानिसलाई कति प्रभावकारी रूपमा सुरक्षित राख्छौं र रोक्न सकिने मृत्यु कति घटाउँछौं भन्ने हो", उहाँले भन्नुभयो ।

एल निनो प्राकृतिक जलवायु प्रणाली भए पनि यस वर्षको शक्तिशाली एल निनो पहिले नै तातिरहेको पृथ्वीमा देखिएको छ । क्लाइमेट इम्प्याक्ट ल्याबका अनुसार यस अवधिमा विश्वव्यापी भूमि तापक्रम सामान्य वर्षको तुलनामा करिब १.२ डिग्री सेल्सियस बढी हुनसक्छ र गर्मीका दिन ४४ प्रतिशतसम्म बढ्न सक्छन् । अनुसन्धानकर्ताका अनुसार यसले आगामी दशकमा जलवायु परिवर्तनका कारण देखिन सक्ने गर्मीको अवस्थाको पूर्वसङ्केतसमेत दिन सक्छ ।

# इरानद्वारा ट्रम्पको धम्कीलाई प्रचारको औजारको संज्ञा

तेहरान, ७ असोज (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई 'ध्वस्त' पार्ने चेतावनी दिनुभएपछि इरानी सशस्त्र बलले उहाँका अभिव्यक्तिलाई 'प्रचारको औजार' भन्दै अमेरिकी सेनालाई क्षेत्रमा चेतावनी दिएको छ ।

इरानी सशस्त्र बल र खताम अल-अन्च्या केन्द्रीय मुख्यालयका जनरल स्टाफले विज्ञप्तिमार्फत ट्रम्पका पटकपटकका धम्कीले इरानविरुद्धको अमेरिकी कारबाहीमा देखिएको रणनीतिक गतिरोध प्रतिबिम्बित गर्ने दाबी गरेका छन् । अमेरिकी सेनामा थकान देखिएका बेला यस्ता धम्की दोहोऱ्याउनुले शक्ति प्रदर्शन नभई रणनीतिक निराशा झल्काउने उनीहरूको भनाइ छ ।

विज्ञप्तिमा अमेरिकाले पश्चिम एसियामा खतरा, असुरक्षा र अस्थिरता बढाएको आरोप लगाउँदै इरानविरुद्धका सैन्य कारबाही तथा समुद्री गतिविधिमा असफलता लुकाउन विश्व अर्थतन्त्रमाथि दबाब सिर्जना गर्न खोजेको दाबी गरिएको छ । ट्रम्पका अभिव्यक्तिले शक्ति सन्तुलन परिवर्तन गर्न नसक्ने पनि इरानी सेनाले जनाएको छ ।

यसैबीच, इरानी राष्ट्रपति मसुद पेजेस्कियान संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुन मङ्गलबार न्युयोर्क पुग्नुभएको छ । उहाँले अन्तर्राष्ट्रिय मञ्चमा इरानको धारणा सशक्त रूपमा प्रस्तुत गर्दै विगतका वार्ता र सम्झौतामा गरिएका प्रतिबद्धता पूरा नभएको विषय उठाउने बताउनुभएको छ ।

यसअघि राष्ट्रपति ट्रम्पले महासभालाई सम्बोधन गर्दै इरानसँग सम्झौता नभए इस्लामिक गणतन्त्रलाई 'ध्वस्त' पार्ने चेतावनी दिनुभएको थियो । उहाँले इरानबाट पुनः आक्रमण हुन नदिन कडा कदम चाल्नुपर्ने बताउँदै चुनावपछि इरानसँग सम्झौता हुनसक्ने विश्वाससमेत व्यक्त गर्नुभएको थियो ।

# पोखरी संरक्षण तथा सौन्दर्यीकरणको काम अघि बढ्दै



दैनिक समाचारदाता
राजविराज, ७ असोज ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा खडेरीको असर न्यूनीकरणसँगै पानीको संरक्षण, भण्डारण र पुर्नभरण गर्ने उद्देश्यले पोखरी संरक्षण तथा सौन्दर्यीकरणको काम अघि बढाइएको छ ।

गाउँपालिका अन्तर्गतका वडा नं. ७ मा दुई, वडा नं. ३ मा दुई तथा वडा नं. ४, ६ र ८ मा एक-एक वटा गरी सातवटा पोखरीमा सरसफाइको काम भइरहेको छ । हाल पोखरीबाट फोहोर तथा झारपात हटाउने, पानीको बहाव तथा भण्डारणमा अवरोध पुऱ्याउने वस्तु हटाउने लगायतका काम भइरहेको छ ।

पोखरी संरक्षणको कामसँगै स्थानीय जलस्रोतलाई पुनर्जीवित गरी आगामी दिनमा खडेरीको असरबाट समुदायलाई जोगाउने उद्देश्य राखिएको छ ।

पोखरी सरसफाइ तथा संरक्षणको काममा सम्बन्धित वडाका सामुदायिक विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरु परिचालन भएका छन् । यसबाट स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त हुनुका साथै आफ्नै गाउँठाउँमा रहेका जलस्रोत संरक्षणमा समुदायको सहभागिता बढेको जनचेतना अभियान नेपालका परियोजना संयोजक लक्ष्मण खत्रीले बताए ।

द कोकाकोला फाउन्डेसनको आर्थिक सहयोग, प्रोसपर ग्लोबलको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित 'नेपालमा पूर्व कार्यको सुदृढीकरण परियोजना' अन्तर्गत पोखरी संरक्षणको काम भइरहेको खत्रीले जानकारी दिए ।

खडेरीका कारण पानीका स्रोत सुक्दै जाने र कृषि कार्य प्रभावित हुने अवस्थामा पोखरीको संरक्षणले स्थानीय स्तरमा पानी भण्डारणको आधार तयार गर्ने परियोजनाले जनाएको छ ।

वर्षायाममा संकलन भएको पानीलाई पोखरीमा भण्डारण गरी आवश्यकता परेको समयमा कृषि तथा अन्य प्रयोजनमा उपयोग गर्न सकिने भएकाले पोखरी संरक्षणलाई प्राथमिकता दिइएको खत्रीले बताए ।

सरसफाइको काम सम्पन्न भएपछि आवश्यक मर्मत तथा पोखरी आसपास वृक्षारोपण समेत गरिने परियोजनाका प्राविधिक अधिकृत गजेन्द्रप्रसाद अधैयाले जानकारी दिए ।

### राष्ट्र बैंकद्वारा ...

मौज्दात कायम नगरेकोमा प्रथम, दोस्रो, तेस्रो र चौथो पटकका लागि क्रमशः रु ७१३ दशमलव ८८, रु १,०६७ दशमलव ४०, रु १,४१२ दशमलव ९१ र रु १,४१० दशमलव ७८ नगद जरिवाना गरिएको जनाएको छ ।

### ब्राउन सुगरसहित ...

जाँदै गरेको अवस्थामा जाँच गर्दा उनीहरूको साथबाट उक्त परिमाणका ब्राउन सुगर पदार्थ फेलापरेको प्रहरीको भनाइ छ ।

पक्राउ पर्नेमा स्थानीय छिपहरमाई गाउँपालिका-२ का रेयाज आलम र जगरनाथपुर गाउँपालिका२- स्-६ सन्तोषप्रसाद पटेल रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका पटेलको घरमा खानतलासी गर्दा कालो प्लाष्टिकमा लुकाइराखेको लागुऔषध अफिम ११ ग्राम ५९ मिलीग्रामसमेत बरामद भएको थियो ।

# विष्णुपर गाउँपालिका वडा १ को कार्यालय भवन उद्घाटन

दैनिक समाचारदाता
राजविराज, ७ असोज ।

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवनको बुधबार उद्घाटन तथा गृहप्रवेश गरिएको छ ।



नव निर्वाचित वडा कार्यालयको गाँपालिका अध्यक्ष उमेश प्रसाद यादव र वडाअध्यक्ष बलराम यादवले एक कार्यक्रमकाबीच उद्घाटन गरेका हुन् ।

नयाँ भवनबाट सेवा प्रवाह सुरु भएपछि सेवाग्राहीलाई कार्यालयका विभिन्न सेवा लिन सहज हुने गाउँपालिका अध्यक्ष यादवले विश्वास व्यक्त गरे ।

वडा कार्यालयबाट नागरिकता सिफारिस, जन्म, मृत्यु तथा विवाह दर्ता, सामाजिक सुरक्षा, विभिन्न प्रमाणित तथा सिफारिसलगायतका स्थानीय तहबाट प्रदान गरिने सेवा नियमित रूपमा उपलब्ध हुँदै आएको छ ।

गाउँपालिकाले हालसम्म पाँचवटा वडा कार्यालय भवन निर्माण सम्पन्न गरेको छ । केही वडा कार्यालयमा यसअघि नै गृहप्रवेश गरी नयाँ भवनबाट सेवा सञ्चालन भइसकेको छ ।

# सुरुङमा हराएकाहरुको खोजी जारी छ : मन्त्री श्रेष्ठ

काठमाडौँ, ७ असोज (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले भोटेकोशी बाढीपछि बेपत्ता भएका जलविद्युत् आयोजनाका कर्मचारीको खोजी जारी रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा बाढीबाट भएको मानवीय र ऊर्जा क्षेत्रको क्षति तथा हालसम्मका प्रयास र भावी योजनाबारे जानकारी गराउँदै उहाँले सुरुङहरुका हराइरहेकाहरुको नेपाली सेना र विदेशी विज्ञको समन्वयमा निरन्तर खोजी भइरहेको जानकारी दिनुभएको हो । बाढीपछि नेपाल विद्युत् प्राधिकरण र अन्य आयोजनाका ९०० जना हराइरहेका छन् ।

"सम्भावनाको अन्तिम ढोकासम्म खोज तथा उद्धारका निम्ति सम्पूर्ण सामर्थ्य परिचालन गरेका छौँ । अहिलेको हाम्रो पहिलो दायित्व खोज तथा उद्धारलाई अन्तिम सम्भावनासम्म निरन्तरता दिनु, घाइतेहरूको उपचार गर्नु, विस्थापित परिवारको पुनःस्थापना गर्नु र क्षतिग्रस्त विद्युत् सडक, पुल लगायतका पूर्वाधारको शीघ्र पुनर्निर्माण गर्नु हो । प्रभावित नागरिकको जीवनलाई फेरि सामान्य लयमा फर्काउनु राज्यको सर्वोच्च जिम्मेवारी हो ।", मन्त्री श्रेष्ठले भन्नुभयो, "पीडाको यो घडीमा सरकार नागरिकसँगै छ । जनताको पीडा र आँसुमा राज्यको पनि संवेदना जोडिएको छ । पक्कै पनि हामी शोक र पीडामा छौँ । तर, निराशामा छैनौँ । आँखा रसाएका छन्, तर आशा मरेको छैन । घाउ गहिरो छ । यद्यपि, मलहम लगाउन प्रयत्नशील छौँ ।"

मन्त्री श्रेष्ठले बाढीबाट ११ आयोजना बन्द भएका जानकारी दिँदै माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनामा एक हजार ४३३ जना कार्यरत मध्ये ९५५ जनाको सकुशल उद्धार गरिएको बताउनुभयो ।

प्रारम्भिक मूल्याङ्कनअनुसार समग्र ऊर्जा क्षेत्रको पुनरुत्थानका लागि रु तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख आवश्यक पर्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

राष्ट्रसेवा रहँदा रहँदै बाढीबाट सम्पर्कविहीन भएका विद्युत प्राधिकरणको कर्मचारीका आश्रित परिवारलाई तत्काल रु पाँच लाख राहत र छ महिनासम्म तलबको ५० प्रतिशत रकम उपलब्ध गराउने निर्णय भएको जानकारी मन्त्री श्रेष्ठले दिनुभयो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, सप्तरी**

पत्र संख्याः-२०८३/०८४
च.नं. :-

मिति :-२०८३/५/३१

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं ७० मनिलाल सुतिहार प्रगन्ना पकरी मौजे कसिहानी मा रहेको सा.कि.न. ३३० को ०-५-५ जगगा ७ नं. फाटवारी भरेको २०२२ साल पुर्व महादेव शर्मा नाममा आइ २०२८ सालमा सर्वे नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.महादेवा बार्ड नं. १क कि.नं.११३ को ज.वि.०-३-० कायम भै फिल्डबुक तयार भइ ज.ध.महलखाली कैफियत महलमा महाविर शर्मा बरहीको नम्बरी रहेको भनी उल्लेख रहेको हुदा महादेवा गाउँपालीका वडा न. २ को च.न. १००३ मिती २०८३/०९/२९ को सिफारीश समेत राखी जिल्ला सप्तरी गा.वि.स.महादेवा वाड नं..१ हाल महादेवा गा..पा. वडा नं.२ बस्ने महादेव शर्मा बरहीको मिति २०६०/१/११मा मृत्यु भै हकदार एकमात्र पत्नी कारो देवी बरहिनी र नारायण शर्माको मिति २०८१/१२/३० मा मृत्यु भै एकमात्र पत्नी सितादेवी बरहिनीले संयुक्त रुपमा यस कार्यालयमा द.नं.१५४६९ मिति २०८२/१०/६ गतेमा माग निवेदन परेकोले मिति २०८३/५/३१ को आदेश बमोजिम उक्त जग्गा निवेदिकाहरु बाहेक अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाल गा.बि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३३० | महादेवा | १क | ११३ | ०-३-० | कारो देवी बरहीनी समेत | योजग्गा फिल्डबुकको ज.ध. महलखाली, किसानको महल महाविर शर्माको नम्बरी हो जनिएको |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, सप्तरी**

पत्र संख्याः-२०८३/०८४
च.नं. :-

मिति :-२०८३/५/३१

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता बमोजिम कपलेश्वर यादव जुगेश्वर यादव हलेश्वर यादव र जगरनाथी समेत नाममा प्रगन्ना पकरी मौजे बलियामा रहेको सा.कि.न. ४८८ को ०-११-० र सा.कि.न.४८९ को ०-११-० समेत ज.वि.१-२-० जगगा ७ नं. फाटवारी भरेको २०२८ सालमा सर्वे नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.डाढा वार्ड नं.७ कि.नं. ५१ को ज.वि.०-१०-११ कि.नं. ५२ को ज.वि.०-६-१६ कायम भै फिल्डबुक तयार भइ ज.ध.महलखाली कैफियत खाली रहेको भनी उल्लेख रहेको हुदा डाढा गा.वि.स. हाल परिवर्तित महादेवा गाउँपालीका वडा न. ४ को च.न. १४५ मिती २०८३/०५/५ को सिफारीश समेत राखी जिल्ला सप्तरी गा.वि.स.डाढा वाड नं.७ हाल महादेवा गा..पा. वडा नं.४ बस्ने जगरनाथी भन्ने रामप्रसाद यादवले आफ्नो भाग तिन भागको एक भाग मात्र दर्ता गरी पाउ भनी यस कार्यालयमा द.नं.१६१६७ मिति २०८२/१०/९ गतेमा माग निवेदन परेकोले मिति २०८३/५/३१ को आदेश बमोजिम उक्त जग्गा निवेदक बाहेक अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाल गा.बि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४८८,४८९ | डाढा<br>डाढा | ७<br>७ | ५१<br>५२ | ०-१०-११<br>०-६-१६ | जगरनाथी भन्ने रामप्रसाद यादव (३ भागको १ भाग मात्र) | योजग्गा फिल्डबुकको ज.ध. महलखाली, किसानको महल खाली हो जनिएको |

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*